# औषधि विक्री प्रवर्द्धन निर्देशिका २०६४

## उद्देश्य र कारण

विरामीलाई स्तरिय स्वास्थ्य सेवा उपलब्ध गराउने औषधि उद्योगको लक्ष्य परिपूर्तिमा औषधिको समुचित प्रवर्द्धनको महत्वपूर्ण भूमिका रहेको हुन्छ । औषधिको समुचित प्रवर्द्धनले चिकित्सक र स्वास्थ्यकर्मीलाई आवश्यक जानकारी सही किसिमले प्राप्त हुन सहयोग पुऱ्याउँछ जसका कारण स्वास्थ्य प्रवर्द्धनमा अत्यधिक फाइदा हुने गरी बिरामीलाई औषधि सिफारिस गर्न र विरामीले औषधि प्रयोग गर्न सक्षम हुन्छन् । औषधिको समुचित प्रयोग राष्ट्रिय औषधि नीति, २०५१ मा समेत व्यवस्था रहेको देखिन्छ ।

चिकित्सक तथा स्वास्थ्यकर्मीबाट औषधिको समुचित प्रयोग प्रवर्द्धनका लागि औषधिका बारेमा सही जानकारी प्रदान गर्नु औषधि उद्योगको दायित्व तथा कर्तव्य हो । यो निर्देशिकाको प्रभावकारी कार्यान्वयनबाट देशभरि औषधिको विक्री प्रवर्द्धन कार्य अन्तर्राष्ट्रिय व्यवहार र संहिता अनुरुप भई नैतिकताको पालना सहित संचालन हुने विस्वास लिइएको छ ।

औषधिको विक्री प्रवर्द्धनमा देखिएका अनैतिक कृयाकलापका कारण धेरै विकासोन्मुख देशहरुमा औषधिको समुचित प्रयोगमा समस्याहरु बृद्धि भएका तथ्यहरु छन् । यस सम्बन्धमा औषधि व्यवस्था विभाग र विश्व स्वास्थ्य संगठनको सहयोगमा ग्र्याजुएट फर्मासिष्ट एसोसिएसन नेपालले एक सर्भेक्षण अध्ययन गरेको थियो । सो अध्ययनको नतिजा माघ २०, २०६३ मा एक गोष्ठीमा प्रस्तुत गरिएको थियो । सो नतिजा प्रस्तुतिकरणका वेला औषधिको विक्री प्रवर्द्धन निर्देशिका लागु गर्नु पर्ने आवश्यकताको पहिचान गरियो । सो एसोशएसनले विश्व स्वास्थ्य संगठनको Ethical Criteria for Medicinal Drug Promotion, 1988 र International Federation of Pharmaceutical Manufacturers and Associations को Code of Pharmaceutical Marketing Practices, 2006 का आधारमा औषधि विक्री प्रवर्द्धन निर्देशिका तर्जुमा गऱ्यो । सरोकारवालाहरुले त्यस मस्यौदामा छलफल गरी सुझाव पेश गर्नुका साथै मस्यौदालाई परिमार्जन गर्न औषधि व्यवस्था विभागको संयोजकत्वमा एक समिति गठन गऱ्यो ।

औषधि विक्री प्रवर्द्धन निर्देशिका तर्जुमा समितिले परिमार्जन गरेको मस्यौदालाई विभागले सम्पादन गरी प्रतिकृयाकालागि पुनः सरोकारवालालाई पठाइयो । प्राप्त सुझावहरुका महत्वपूर्ण कुरा समेटी २०६४ आषाढ ३२ मा औषधि विक्री प्रवर्द्धन निर्देशिका जारी गरियो । यो निर्देशिकाको कार्यान्वयन पक्षको अनुभव पछि परिमार्जन गरी औषधि ऐन २०३५ को दफा ४० र औषधि दर्ता नियमावली २०३८ को नियम ११ अन्तर्गत औषधि विक्री प्रवर्द्धन संहिता जारी गरिनेछ ।

# **औषधि विक्री प्रवर्द्धन निर्देशिका, २०६४**

औषधिको समुचित प्रयोगबाट जनताको स्वास्थ्यस्तरमा सुधार ल्याउनका लागि औषधिको नैतिक विक्री प्रवर्द्धन गर्न र अनैतिक बिक्री प्रवर्द्धनलाई दुरुत्साहित गर्न औषधि व्यवस्था विभागले यो निर्देशिका बनाई जारी गरेकोछ ।

## **परिच्छेद-१**
## **प्रारम्भिक**

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस निर्देशिकाको नाम **औषधि विक्री प्रवर्द्धन निर्देशिका, २०६४** रहेको छ ।

(२) यो निर्देशिका तत्काल प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** बिषय वा प्रसंगले अको अर्थ नलागेमा यस निर्देशिकामा :-

(१) मन्त्रालय भन्नाले स्वास्थ्य तथा जनसंख्या मन्त्रालय सम्झनु पर्छ ।

(२) विभाग भन्नाले औषधि व्यवस्था विभागलाई सम्झनु पर्छ ।

(३) चिकित्सक भन्नाले चिकित्साशास्त्रमा कम्तीमा स्नातक भई सम्बन्धित परिषद्मा दर्ता भएको व्यक्ति सम्झनु पर्छ ।

(४) स्वास्थ्यकर्मी भन्नाले स्वास्थ्य सेवा प्रदान गर्ने र सम्बन्धित परिषद्मा दर्ता भएको विभिन्न तहको व्यक्ति सम्झनु पर्छ । यस शव्दले चिकित्सक समेतलाई जनाउने छ ।

## **परिच्छेद-२**
## **निर्देशिकाको कार्यन्वयन**

**२.१** यो निर्देशिका नेपालमा विक्री वितरण हुने सवै प्रणालीका सम्पूर्ण औषधि र औषधिका रुपमा प्रवर्द्धन गरिने स्वास्थ्यवर्धक बस्तुमा लागु हुनेछ । यो निर्देशिका औषधि उद्योग (उत्पादक, थोक विक्रेता र खुद्रा विक्रेता समेत), प्रवर्द्धन उद्योग (विज्ञापन एजेन्सी, बजार अनुसन्धान संस्था आदि), औषधि प्रेस्काइव, डिस्पेन्स, आपूर्ति र वितरण गर्ने स्वास्थ्यकर्मी, विश्वविद्यालय र शैक्षिक संस्था, व्यवसायिक संघ संस्था, विरामी तथा उपभोक्ता समुह, व्यवसायिक र संचार क्षेत्र (चिकित्सा विज्ञानसित सम्बन्धित विषयका प्रकाशक, सम्पादक समेत) लाई लागु हुनेछ । यी सवै क्षेत्रले आ-आफ्ना दक्षता, कार्यक्षेत्र र दायित्वको परिधिभित्रका व्यवस्थाहरु अपनाउन प्रोत्साहित गरिनेछ । यो निर्देशिकामा आधारित भएर आफ्नो क्षेत्रसित सम्बन्धित औषधि विक्री प्रवर्द्धन कार्यकालागि स्तर निर्धारण गरी लागु गर्न सकिनेछ । सवै सरोकारवालाले आ-आफ्नो क्षेत्रमा प्रभावकारी रुपमा लागु गरी अनुगमन समेत गर्नुपर्नेछ ।

## परिच्छेद-३
## विक्री प्रवर्द्धन

३.१ यस निर्देशिकामा प्रवर्द्धन या विक्री प्रवर्द्धन भन्नाले औषधि उत्पादक वा वितरकबाट गरिने औषधिको प्रेस्कीप्सन, आपूर्ति, खरिद वा प्रयोगमा बृद्धि गराउन प्रभावित गर्ने वा सूचनामूलक गतिविधिलाई जनाउँछ ।

३.२. कानूनी रुपमा उपलव्ध औषधिको मात्र विक्री प्रवर्द्धन गर्न सकिने छ । प्रवर्द्धन गर्दा राष्ट्रिय औषधि नीति, औषधि ऐन र अन्तर्गतका नियमावलीहरु साथै आफ्नै स्वैच्छीक स्तर भएमा सो समेत पालना गर्नू पर्नेछ । प्रवर्द्धनका सन्दर्भमा उल्लेख गरिएका कुराहरु भरपर्दो, सहि, तथ्यमा आधारित, जानकारीमुलक, व्यवस्थित, अध्यावधिक, प्रमाणित गर्न सकिने र चित्त बुझ्दो भाषामा हुनुपर्दछ । भ्रम सिर्जना गर्ने वा प्रमाणित गर्न नसकिने कुरा वा जनस्वास्थ्यमा प्रतिकुल असर हुने किसिमले तथ्य लुकाइएको हुनु हुदैन । औषधिको उपयोगिता, नराम्रा असर, प्रयोग गर्न नहुने अवस्था र अपनाउनु पर्ने सावधानी आदि प्रष्ट र वैज्ञानिक तथ्यमा आधारित हुनुपर्दछ । सुरक्षित भन्ने शव्द प्रमाणित गर्न सकिने अवस्थामा मात्र प्रयोग गर्नुपर्दछ र तुलनात्मक प्रस्तुती पनि प्रमाण भएमा मात्र प्रस्तुत गर्नुपर्दछ । सहि कुरा लुकाउने अभिप्रायले प्रवर्द्धन सामग्री तयार गर्नुहुदैन ।

३.३. सार्वजनिक भइसकेका बैज्ञानिक तथ्यहरु चिकित्सक तथा सम्बन्धित व्यक्तिलाई माग अनुसार उपलप्ध गराउनु पर्दछ । चिकित्सक वा स्वास्थ्यकर्मी वा सेवा प्रदायक तथा विक्रेतालाई आर्थिक वा भौतिक प्रलोभन (बोनस, थप औषधि वा आर्थिक वा भौतिक उपहार सहितको प्रवर्द्धन कार्यक्रम समेत) दिई विक्री प्रवर्द्धन गर्नुहुदैन र चिकित्सक, स्वास्थ्यकर्मी र विक्रेताले पनि यस्ता प्रलोभन स्वीकार गर्नुहुदैन ।

३.४ वैज्ञानिक वा शैक्षिक कृयाकलापलाई जानी जानी प्रवर्द्धन प्रयोजनकालागि प्रयोग गर्नु हुदैन ।

## परिच्छेद-४
## चिकित्सक तथा स्वास्थ्यकर्मीकालागि जानकारी

४.१. चिकित्सक तथा स्वास्थ्यकर्मीकालागि तयार गरिएको जानकारीको शव्द तथा चित्रहरु आधिकारिक वैज्ञानिक तथ्यहरुसित मेल खाने हुनुपर्दछ । यस्तो जानकारी प्रष्टसित पढ्न सकिने हुनुपर्दछ ।

४.२. विक्री प्रवर्द्धनकालागि प्रयोग गरिने जानकारीमा वैज्ञानिक तथ्यमा आधारित सारांश हुनु आवश्यक छ । यस्ता जानकारीमा सामान्यतः अन्य आवश्यक जानकारीका साथ निम्न कुराहरु हुनुपर्दछ :

- सकृय तत्वको जेनेरिक नाम र व्यापारिक नाम
- सकृय तत्वको परिमाण
- सवै साधक पदार्थको नाम र प्रयोग गर्नुको प्रयोजन
- कुन रोगमा प्रयोग गर्न प्रमाणित भएको हो सो रोगको नाम
- औषधिको स्वरुप (डोसेज फर्म)
- अवांछीत असर र मुख्य नराम्रा असरहरु

- सावधानी, प्रयोग गर्न नहुने अवस्था र सतर्कता
- अन्य औषधि वा खाद्य पदार्थसित हुनसक्ने प्रमुख प्रतिकृया
- उत्पादक तथा आवश्यक भए वितरकको नाम
- वैज्ञानिक सन्दर्भ ग्रन्थहरुको नाम
- जानकारी तयार गरेको मिति

## परिच्छेद-५
## सर्वसाधारणकालागि जानकारी

५.१. सर्वसाधारणकालागि आवश्यक जानकारी औषधिको बट्टाभित्र राख्ने या छुट्टै दिने पुर्जाका रुपमा तयार गर्नु पर्दछ । यस्तो जानकारी फार्मेसीबाट प्रेस्कीप्सन विना वेच्न हुने औषधिकालागि उपलब्ध भएमा उपभोक्तालाई औषधि प्रयोगका सम्बन्धमा समुचीत निर्णय गर्न मद्दत मिल्दछ । यस्ता पुर्जाले उपभोक्ताको जानकारी प्राप्त गर्न चाहने जिज्ञासा पूर्ति गर्ने भएता पनि उपभोक्ताको स्वास्थ्य प्रतिको चासोको गलत फाइदा लिने गरी तयार गरेको हुनुहुँदैन । बालबालिकाको लागि लक्षित स्वास्थ्य शिक्षाको उपयोगिता भएता पनि औषधि सम्बन्धि जानकारी तिनीहरु प्रति लक्षित हुनुहुदैन । प्रमाणित गर्न सकिने हदसम्म मात्र औषधिले रोग निको पर्ने, रोग लाग्नबाट बचाउन सक्ने, रोक थाम गर्न सक्ने वा साम्य पार्न सक्ने कुरा उल्लेख गर्नुपर्दछ । औषधि प्रयोग हुन सक्ने वा नसक्ने निस्चित अवस्था भएमा सो समेतको जानकरी दिनुपर्दछ ।

५.२. जानकारी सामान्यतया वोलचालको भाषामा तयार गरिएता पनि दिइएका जानकारी वैज्ञानिक तथ्यमा आधारित हुनु पर्दछ । डर या त्रास पैदा गर्ने भाषा प्रयोग गर्नु हुदैन ।

५.३ सर्वसाधारणलाई जानकारी दिँदा संचार माध्यमको छनोटप्रति पनि ध्यान दिनु पर्दछ । सर्वसाधारणलाई  दिइने जानकारीमा हुनु पर्ने कुराको उदाहरण निम्न बमोजिम छः

- औषधिको जेनेरिक नाम
- औषधिको व्यापारिक नाम
- सो औषधि प्रयोग गर्न सकिने प्रमुख रोगहरु
- अपनाउनु पर्ने मुख्य सावधानी, प्रयोग गर्न नहुने अवस्था र चेतावनी
- औषधिको समुचित प्रयोगमा सहयोग पुग्ने अन्य जानकारी, जस्तै आयुर्वेदीक औषधिका हकमा अनुपान तथा सहपान ।
- औषधि उत्पादक (आवश्यक भए बितरक) को नाम र ठेगाना

५.४. औषधिको मुल्य र मुल्य परिवर्तन भएको अवस्थामा परिवर्तित मुल्यको जानकारी विभागलाई दिनुपर्दछ ।

## परिच्छेद-६
## विज्ञापन

६.१. प्रेस्क्रीप्सनमा मात्र वेच्न हुने औषधिको विज्ञापन छापा वा विद्युतिय माध्यमबाट सर्वसाधारणलाई लक्षित गरी गर्न पाइने छैन । बैज्ञानिक वा व्यवसायिक पत्रिकाको माध्यमबाट बजारमा उपलव्ध हुने औषधि, सोको स्वरुप (डोसेज फर्म) र मात्रा आदि बारे चिकित्सक तथा स्वास्थ्यकर्मीलाई जानकारी गराउन सकिनेछ ।

६.२. प्रेस्क्रीप्सन विना वेच्न सकिने औषधिको हकमा विज्ञापन गर्न अनुमति दिन सकिनेछ तर परिच्छेद ५ को परिधिमा रही विभागको अनुमति लिएर मात्र विज्ञापन गर्नुपर्नेछ ।

## परिच्छेद-७
## कम्पनीको प्रकृया र उत्तरदायित्व

७.१. औषधि उद्योगले यो निर्देशिकाको पूर्ण पालना गरी विक्री प्रवर्द्धन गर्न र विक्री प्रवर्द्धन सम्बन्धि गतिविधिको अनुगमन गर्न औषधि विक्री प्रवर्द्धन सम्बन्धि संहिता र कार्यविधि तयार गर्नु पर्नेछ । विज्ञान तथा स्वास्थ्य सेवा सम्बन्धी शैक्षिक योग्यता र ज्ञान भएको कर्मचारीलाई विक्री प्रवर्द्धन सम्बन्धी जानकारीलाई मान्यता दिन तोक्नुपर्दछ ।

७.२. सित्तैमा औषधि दिने लगायत नगद वा जिन्सी उपहारको माध्यमबाट चिकित्सक वा स्वास्थ्यकर्मी वा औषधि विक्रेतालाई न लोभ्याउने नीति औषधि उद्योग तथा वितरकको हुनुपर्दछ ।

## परिच्छेद-८
## औषधि विक्री प्रतिनिधि (मेडिकल रिप्रेजेन्टेटिभ)

८.१. मेडिकल रिप्रेजेन्टेटिभले स्वास्थ्यकर्मीको आँखामा आफ्नो कम्पनीकासाथै समस्टीगत रुपमा औषधि उद्योगको प्रतिनिधित्व गरेको हुन्छ । उद्योग र स्वाथ्य क्षेत्रका अन्य सरोकारवालाको बिचको प्रमुख सम्पर्क व्यक्तिका रुपमा मेडिकल रिप्रेजेन्टेटिभ रहेको हन्छ । अतः मेडिकल रिप्रेजेन्टेटिभमा योग्य व्यक्ति मात्र छानिउन् र भर्ना होउन् भन्ने कुरामा आस्वस्त हुन उच्च स्तरियता अवलम्बन गर्नु पर्दछ । मेडिकल रिप्रेजेन्टेटिभ विज्ञान वा प्रविधिमा कम्तीमा स्नातक हुनु पर्दछ ।

८.२. आफ्नो जिम्मेवारीको बोध हुन र जिम्मेवारी अनुसार काम गर्न सक्षम हुनकालागि पूर्व निर्धरित पाठ्यक्रम र म्यानुअल अनुसार तालिम प्रदान गर्नु पर्दछ । नयाँ कर्मचारीका हकमा यस्तो

तालिमले कम्पनीको उत्पादनका बारेमा वैज्ञानिक तथा प्राविधिक जानकारी दिनुका साथै यस निर्देशिकाले प्रतिपादित गरेको नैतिक सिद्धान्त र स्तरिय व्यवहारको ज्ञान प्राप्त गरेको बारे आस्वस्त गर्न सक्नु पर्दछ ।

८.३. कम्पनीले मेडिकल रिप्रेजेन्टेटिभकालागि पटक पटक पुनर्तजगी तालिमको आयोजना गर्नु पर्दछ । कम्पनीले मेडिकल रिप्रेजेन्टेटिभलाई अध्ययन तथा स्व-उन्नती सम्बन्धी कार्यक्रममा सहभागी हुन प्रेरित गर्नु पर्दछ ।

८.४. मेडिकल रिप्रेजेन्टेटिभले व्यवसायिक र नैतिक क्षेत्रमा उच्चतम स्तर प्रदर्शन गर्न सक्नु पर्दछ । मेडिकल रिप्रेजेन्टेटिभबाट आचार संहिताको ज्ञान र पूर्ण पालनाको अपेक्षा गरिन्छ ।

८.५. मेडिकल रिप्रेजेन्टेटिभले उत्पादनका बारेमा तथ्य र जानकारी बढाइ चढाइ नगरी प्रदान गर्नु पर्दछ । मेडिकल रिप्रेजेन्टेटिभले प्रदान गर्ने जानकारी सहि र पूर्ण हुनुका साथै सोझै या बुझाईबाट भ्रम सिर्जना गर्ने खालको हुनु हदैन । यस्ता जानकारी वैज्ञानिक तथ्यमा आधारित हुनुका साथै कम्पनीको आधिकारिक जानकारी भन्दा फरक हनु हुदैन ।

८.६. आचार संहिताको पालना र उत्पादनबारे जानकारी आदान प्रदान गर्ने काम सही रुपमा भईरहेको बारे आस्वस्त हुन कम्पनीको व्यवस्थापन पक्ष र मेडिकल रिप्रेजेन्टेटिभका विच नियमित सहकार्य हुनुपर्दछ ।

८.७. मेडिकल रिप्रेजेन्टेटिभलाई आधारभूत तथा नियमित तालिम दिने अभिभारा कम्पनीले बहन गर्नु पर्दछ । साथै मेडिकल रिप्रेजेन्टेटिभको प्रस्तुती तथा गतिविधिकालागि समेत कम्पनीले उत्तरदायित्व बहन गर्नु पर्दछ ।

८.८. कुनै पनि अवस्थामा मेडिकल रिप्रेजेन्टेटिभले चिकित्सक वा स्वास्थ्यकर्मीलाई भेट्नकालागि शुल्क दिनुहुदैन । त्यस्तै चिकित्सक वा स्वास्थ्यकर्मी वा औषधि विक्रेतालाई प्रलोभन दिनुहुदैन । चिकित्सक वा स्वास्थ्यकर्मी वा औषधि विक्रेताले पनि मेडिकल रिप्रेजेन्टेटिभबाट यस्तो अपेक्षा गर्नुहुदैन । अनावश्यक विक्री प्रवर्द्धनलाई प्रोत्साहन नगर्नकालागि मेडिकल रिप्रेजेन्टेटिभको पारिश्रमिकको मुख्य भाग औषधिको बिक्रीसित सोझै आवद्ध हुनुहुदैन ।

८.९ नेपालमा आफ्नो उत्पादन बिक्री वितरण गर्ने विदेशी कम्पनीले नेपालमा आफ्नै कार्यालय स्थापना गर्नु पर्नेछ अथवा विक्री प्रवर्द्धन र मेडिकल रिप्रेजेन्टेटिभको जिम्मेवारी नेपाली पैठारीकर्तालाई दिनु पर्दछ । विक्री प्रवर्द्धन प्रमुखको नाम विभागलाई दिनु पर्दछ र प्रमुख परिवर्तन भएमा पनि विभागलाई जानकारी दिनु पर्दछ ।

## परिच्छेद-९
## विक्री प्रवर्द्धनकालागि निःशुल्क औषधिको नमुना

९.१ चिकित्सकबाट माग भएमा दर्तामा रहेका औषधिको नुमना सामान्य परिमाणमा चिकित्सकलाई उपलव्ध गराउन सकिनेछ । यस्ता औषधिमा "Physician's sample" भनी उल्लेख हुनुकासाथै मुल्य अंकित हुनु हुँदैन । यस्ता औषधिको वितरणको अभिलेख राख्नुपर्दछ ।

## परिच्छेद-१०
## सम्मेलन तथा अन्य वैज्ञानिक वैठकहरु

१०.१. औषधि उद्योगले आयोजना गरेको या प्रायोजन गरेको सभा, सम्मेलन र अन्य प्रवर्द्धनात्मक वैज्ञानिक तथा व्यवसायीक सम्मेलनहरुको उद्देश्य स्वास्थ्यकर्मीलाई उत्पादनकाबारेमा जानकारी दिनु वा वैज्ञानिक र शैक्षिक जानकारी दिनकालागि हुनु पर्दछ । वैज्ञानिक या व्यवसायीक संघ संस्थाले आयोजना गर्नाले यस्ता सभा, सम्मेलनको शैक्षिक महत्व अभिबृद्धि हुने गर्दछ ।

१०.२. औषधि उत्पादक वा वितरकले प्रायोजन गर्ने गोष्ठीका बारेमा गोष्ठी आयोजना गर्न भन्दा पहिले नै, साथै गोष्ठी सम्बन्धि प्रकाशनमा समेत उल्लेख हुनु पर्नेछ । प्रकाशनमा गोष्ठीमा भएको प्रस्तुती र छलफल बारे सही जानकारी दिनु पर्दछ । यस्ता गोष्ठीमा स्वास्थ्य क्षेत्रका सहभागीहरुकालागि मनोरंजन, स्वागत सत्कार र उपहारहरु खर्चिलो हुनुहुदैन ।

१०.३. कम्पनीले स्वास्थ्यकर्मीकोलागि मनोरंजन गर्ने, विदा मनाउने वा सामाजिक गतिविधि अयोजना गर्ने या यस्तो कार्यक्रमको खर्च बेहोर्ने गर्नुहुदैन ।

## परिच्छेद-११
## प्रायोजन

११.१. औषधि उद्योगले स्वास्थ्यकर्मीलाई सभा सम्मेलन तथा वैज्ञानिक वैठकमा भाग लिनकालागि निम्न सर्तको अधिनमा रही प्रायोजन गर्न सक्नेछ :

- प्रायोजन केवल भ्रमण, बस्न, खान र दर्ता शुल्कको भूक्तानी गर्नमा मात्र सिमित हुनु पर्दछ ।
- स्वास्थ्यकर्मीको सम्मेलनमा भाग लिन खर्च भएको समयको पारिश्रमिक दिन हुने छैन । र
- यसरी गरेका प्रायोजन बापत कम्पनीको औषधि प्रेस्क्राइव गर्ने, प्रवर्द्धन गर्ने या प्रयोगकालागि सिफारिस गर्ने सर्त राख्न पाइने छैन ।

११.२. स्वस्थ्यकर्मीका साथ सभा सम्मेलनमा भाग लिन जाने अन्य व्यक्तिको कुनै खर्च कम्पनीले वेहोर्नु हुँदैन ।

११.३. सभा वा सम्मेलनमा कम्पनीकालागि श्रोत व्यक्ति वा वक्ताका रुपमा भाग लिँदा भ्रमण, बास र पकेट खर्च बाहेक लिखित करारका अधिनमा कम्पनीले उचित पारिश्रमिक दिन सक्नेछ ।

११.४. नगद वा नगद सरह मुल्यवान बस्तु स्वास्थ्यकर्मीलाई दिन पाइने छैन । व्यक्तिगत प्रयोगका बस्तुहरु पनि स्वास्थ्यकर्मीलाई उपहारका रुपमा दिन हुने छैन ।

११.५. कम्पनीले स्वास्थ्यकर्मी वा संस्थालाई गर्ने व्यक्तिगत सहयोग पारदर्शी हुनु पर्दछ ।

११.६. स्वास्थ्यकर्मी तथा सम्बन्धित प्रशासनिक कर्मचारीलाई स्वास्थ्य सेवा प्रदान गर्ने क्रममा प्रयोग हुने वस्तुहरु मुल्यवान नभएमा प्रवर्द्धन या सम्झनालागि दिन सकिनेछ ।

११.७. स्वास्थ्य सेवा तथा विरामीको सेवाकालागि फाइदा जनक हुने भएमा चिकित्सासित सम्बन्धित वस्तु स्वास्थ्यकर्मीलाई निःशुल्क दिन सकिनेछ ।

## परिच्छेद-१२
## विक्री वितरण भएका औषधिका बारेमा वैज्ञानिक अध्ययन, अनुगमन तथा जानकारी सार्वजनिक गर्ने प्रकृया

१२.१. औषधिको समुचित प्रयोगकालागि विक्री वितरणमा रहेका औषधिको वैज्ञानिक अध्ययन महत्वपूर्ण हुन्छ । यस्ता अनुसन्धान गर्न आवश्यकता अनुसार विभाग वा / र नेपाल स्वास्थ्य अनुसन्धान परिषद्बाट अनुमति लिनु पर्दछ र यस्तो अनुसन्धान गर्न सम्बन्धित वैज्ञानिक वा नैतिक समितिबाट स्वीकृत भएको हुनु पर्दछ । यस्ता अनुसन्धानमा अन्तर्राष्ट्रिय वा क्षेत्रिय स्तरमा सहकार्य उपयोगी हुन सक्दछ । यस्तो अनुसन्धानको नतिजाको सारांश सम्बन्धित स्वास्थ्य अधिकारीलाई उपलव्ध गराउनु पर्दछ ।

१२.२. विक्री वितरण भएका औषधिको वैज्ञानिक अनुसन्धानलाई गलत तरिकाले विक्री प्रवर्द्धनकालागि प्रयोग गर्न पाइने छैन ।

१२.३. औषधिबाट भएका हानी नोक्सानी तथा औषधिको नराम्रा असरहरु प्राथमिकताका साथ विभागका जानकारी गराउनु पर्नेछ ।

## परिच्छेद-१३
## औषधिको प्याकिङ्ग र लेवल

१३.१. औषधिको समुचित प्रयोगकालागि उपयुक्त जानकारीको महत्व भएकोले प्याकीङ्ग र लेवलमा उल्लेख हुने जानकारी औषधि ऐन र नियमावली तथा विभागले तोके अनुसार हुनु पर्दछ । प्याकिङ्ग र लेवलमा भएका शव्द र चित्रहरु यस निर्देशिकामा उल्लेख भएका नैतिक पक्षसित मेल खाने हुनुपर्दछ ।

## परिच्छेद-१४
## विरामीकालागि जानकारी : (बट्टा भित्र राख्ने पुर्जा तथा पुस्तिका)

१४.१. औषधिको समुचित प्रयोगकालागि चाहिने जानकारी विरामीलाई पूर्जाका रुपमा उपलव्ध गराउनु पर्नेछ । यस्तो जानकारी सम्भव भएसम्म चिकित्सक वा स्वास्थ्यकर्मी तथा फर्मासिष्टबाट उपलव्ध गराउनु उपयुक्त हुन्छ । यदि यस्तो पूर्जा कानूनी रुपमा आवश्यक भएमा नियमानुसार विभागबाट स्वीकृत जानकारीमात्र राखिएको छ भन्नेबारे उत्पादक र पैठारीकर्ताले सुनिस्चित गर्नुपर्दछ । यस्तो पुर्जा विक्री प्रवर्द्धनकालागि प्रयोग गरिएमा यस निर्देशिकामा भएका व्यवस्थाको पालना गरी गर्नुपर्दछ । विरामीकालागि लक्षित गरी तयार गरिएको जानकारी सरल भाषामा हुनुपर्दछ तर वैज्ञानिक तथ्यलाई सहि प्रकारले प्रस्तुत गर्नुपर्दछ ।

१४.२. प्याकिङ्ग भित्रको पूर्जा बाहेक पनि विरामी र उपभोक्ताकालागि जानकारीमुलक बस्तुहरु उपलव्ध गराउन उपयुक्त हुन्छ । तर यस्ता वस्तु पनि यो निर्देशिकाको परिधिभित्र रही तयार गर्नुपर्दछ ।

## परिच्छेद-१५
## अस्पतालको फार्मेसीमा औषधिको प्रवर्द्धन

१५.१ अस्पतालको ड्रग एन्ड थेराप्युटिक्स कमिटी वा यस्तै प्रकारको अन्य समितिले अस्पतालमा औषधि उद्योगले औषधिको प्रवर्द्धन गर्न संहिता तयार गर्नुपर्नेछ । औषधि उद्योग तथा मेडिकल रिप्रेजेन्टेटिभले यस्तो संहिताको पालना गर्नुपर्नेछ ।

## परिच्छेद-१६
## निर्देशिकाको कार्यान्वयन

यो निर्देशिका श्रावण १, २०६४ देखि कार्यान्वयन गरिनेछ । निर्देशिका कार्यान्वयनका क्रममा विभागले अनुगमन गर्नेछ । विभागले कार्यान्वयनकालागि प्रकृया, विधि र कार्यविधिहरु तयार गर्न सक्नेछ ।